# "मानौं म मानव नै हैन"

## साउदी अरेबियामा एसियाली घरेलु कामदारहरूविरुद्ध हुने दुर्व्यवहारहरू

## सार संक्षेप र सिफारिसहरू®

**पूर्ण प्रतिवेदनको विषय सूची** ........ २

**सार संक्षेप** ........ **५**
कानुनी रूपरेखा र भर्ती प्रकृयाहरू ........ ६
घरेलु कामदार विरुद्ध दुर्व्यवहारहरू ........ ८
कमजोर उद्धार(Redress) संयन्त्र ........ ९
साउदी सरकारलाई केही मुख्य सुझावहरू ........ ११
आप्रवासीहरूका आफ्नो देशका सरकारहरूलाई( इन्डोनेसिया, श्रीलङ्का, फिलिपिन्स र नेपालसहित) केही मुख्य सुझावहरू ........ १२

**विस्तृत सुझावहरू** ........ **१३**
साउदी सरकारलाई ........ १३
आप्रवासीहरूका आफ्नो देशका सरकारहरूलाई( इन्डोनेसिया, श्रीलङ्का, फिलिपिन्स र नेपालसहित) ........ १७
सबै सरकारहरूका निम्ति ........ १८
अन्तरराष्ट्रिय श्रम सङ्गठन(आई एल ओ) र अन्तरराष्ट्रिय आप्रवास सङ्गठन(आई ओ एम) का निम्ति ........ १९
विश्व बैङ्क तथा नीजि फाउण्डेसनहरू जस्ता दाताहरूका निम्ति ........ २०

® यस नेपाली अनुवाद भित्र पूर्ण प्रतिवेदनका विषय सूची, सार संक्षेप, र सिफारिसहरू समावेश छन्। पूर्ण प्रतिवेदन अङ्ग्रेजी, अरबी, बहासा इन्डोनेसिया र तागालोग भाषामा www.hrw.org मा उपलब्ध छ। यसको मौलिक र आधिकारिक पाठ अङ्ग्रेजी हो।

## पूर्ण प्रतिवेदनको विषय सूची


**१. सार संक्षेप**

कानुनी रूपरेखा र भर्ती प्रकृयाहरू
घरेलु कामदार विरुद्ध दुर्व्यवहारहरू
कमजोर उद्धार(Redress) संयन्त्र
साउदी सरकारलाई केही मुख्य सुझावहरू
आप्रवासीहरूका आफ्नो देशका सरकारहरूलाई( इन्डोनेसिया, श्रीलङ्का, फिलिपिन्स र नेपालसहित) केही मुख्य सुझावहरू

**२. विधी**

**३. एसीयाली महिलाहरूको साउदी अरेबियामा श्रम आप्रवास**

एसीयाली महिलाहरूको हैसीयत र आप्रवासका कारणहरू
साउदी अरेबीयामा महिलाहरूको हैसीयत
दुरर्व्यवहारको सापेक्षिक परिमाण

**४. आप्रवासी घरेलु कामदारहरूका निम्ति कानुनी  रूपरेखा**

श्रम कानुहरू बाहिरै राखिनु
काफला प्रणाली
रोजगार करारनामा र भर्तीका प्रकृयाहरू
अन्तरराष्ट्रिय सम्झौताहरू
हालसालै गरिएका सुधारहरू

**५. जबरजस्ती श्रम, बेच-बिखन, दासत्व र दास सरहको अवस्था**

जबरजस्ती श्रम
बेच-बिखन
दासत्व र दास सरहको अवस्था

**६. भर्ती र अध्यागमन सम्बन्धित दुवर्यवहारहरू र जबरजस्ती थुनछेक**

कामदार पठाउने देशमा भर्ती गर्ने एजेण्टहरूद्वारा हुने दुर्व्यवहार
साउदी अरेबियामा भर्ती गर्ने एजेण्टहरूद्वारा हुने दुर्व्यवहार
रोजगारदाताहरूद्वारा थुनछेक

**७. मनोवैज्ञाकि, शारीरिक र यौन दुर्व्यवहार**

मनोवैज्ञाकि र मौखिक दुर्व्यवहार
शारीरिक दुर्व्यवहार
खानेकुरामा बन्देज
यौन हैरानी र दुर्व्यवहार

**८. कामदारमाथिका दुर्व्यवहारहरू र शोषण**

न्यून र असमान ज्याला
बक्यौता ज्याला र तलब कट्टी
अधिक कामको बोझ, काम गर्नुपर्ने लामो अवधि र आराम गर्ने समयको अभाव
अपर्याप्त आवास व्यवस्था

**९. घरेलु कामदारविरुद्ध फौजदारी मुद्दाहरू**

कार्यविधिको उल्लङ्घन
चोरी, बोक्सी(टुना-मुना) वा मिथ्या आरोपहरूका प्रत्यभियोगहरू
“नैतिक” अपराधहरू

**१०. साउदी सुरक्षा उपायहरू र कमीहरू**

सामाजिक मामिला मन्त्रालय घरेलु कामदार केन्द्र
देश निकाला
आप्रवासीको शव स्वदेश फिर्ता
फौजदारी न्याय प्रणाली

**११. कामदार पठाउने राष्ट्रहरूका सुरक्षा उपायहरू र कमीहरू**

साउदी अरेबियामा काम गर्दा आइपर्ने बाधा अड्चनहरू
स्रोतहरूको कमी र असमान सम्बोधन
वैदेशिक नियोगहरूद्वारा श्रम विवादहरूको मध्यस्तता

**१२. विस्तृत सुझावहरू**

साउदी सरकारलाई
आप्रवासीहरूका आफ्नो देशका सरकारहरूलाई (इन्डोनेसिया, श्रीलङ्का, फिलिपिन्स र नेपालसहित)

सबै सरकारहरूका निम्ति
अन्तरराष्ट्रिय श्रम सङ्गठन(आई एल ओ) र अन्तरराष्ट्रिय आप्रवास
सङ्गठन(आई ओ एम) का निम्ति विश्व बैङ्क तथा नीजि फाउण्डेसनहरू जस्ता दाताहरूका निम्ति

## सार संक्षेप

सुरुमा मासिक तलब वापत मैले ४०० रियाल पाउँथें । प्रत्येक वर्ष उनीहले त्यसलाई १०० रियाल वा २०० रियालका दरले बढाए । अन्तमा म मासिक ७०० रियाल(यु. एस. डलर १८२)[1] कमाउँथें ........... अन्तिम पटक म विदा आउँदा उनीहले मलाई मेरो तलब बाहेक केही थप रकम दिए । म आफ्नो पैसा जोगाउँथें र २०० रियाल, ५०० रियाल वा ७०० रियाल घर पठाउँथें । ........ मेरा श्रीमानले त्यो पैसालाई होसीयारीपूर्वक सदुपयोग गर्नु भयो, यो घर बनाउन, हाम्रा केटाकेटीको लालन पालन, शिक्षा दीक्षा र विरामी हुँदा औषधोपचारमा यही पैसा खर्च भयो ।
फातिमा एफ, गम्पाहा श्रीलङ्का निवासी काम सकेर घर र्फकेकी पूर्व घरेलु कामदार

यदि मैले आफ्नो पूरै कथा भन्न थालें भने त्यो एक दिन एक रातमा पनि सकिँदैन । जब म घर फर्कनेछु सायद मैले आफ्नो साथमा केही ल्याउन सक्ने छैन........ राति बाह्र बजेदेखि विहान २:३० बजेसम्म मलाई मेरी मालिक्नी(म्याडम) ले विजुलीको तारले पिट्थिन् । अन्त्यमा उनले भनिन्, “अरू मालिक्नी(म्याडम) भए तँलाई घर पठाउँथे होला तर म त्यसो गर्दिन । तेरा सामू दुईवटा बाटाहरू छन् । कि तैँले विना तलब काम गर्नेछेस् होइन भने यही मर्नेछेस् । यदि मरिस नै भने पनि म प्रहरीलाई तैंले आत्महत्या गरिस् भनिदिनेछु ।”
मैले तलब विनै काम गरे तापनि त्यसले कुटाइ नखाने कुराको ग्यारेन्टी गर्दैनथ्यो । त्यसै कारण म भागें । सबै ढोकाहरू बन्द गरिएका हुन्थे, बाहिर निस्कने कुनै बाटो थिएन । झ्यालहरूमा फलामे छड लगाइएका थिए तर शौचालयमा भेन्टिलेसनका लागि एउटा प्वाल थियो र म त्यहींबाट भागें । हुन त मलाई मालिक्नीले महिनामा एक पटक मात्र नुहाउन दिन्थिन् र मेरो शरीर फोहोर थियो, मैले भाग्नु अगाडि अल्लाहलाई पुकारें र सहयोग मागें । मैले प्रार्थना गरें ।
– मीना एस, इन्डोनेसियाली घरेलु कामदार, रियाद, साउदी अरेबीया, मार्च १२, २००६

आप्रवासले अवसर र जोखिम दुबै प्रदान गर्छ । सम्भवत यो कुरा अन्यत्रबाट भन्दा एसियाबाट मध्यपूर्वमा हुने करार कामदारहरूको ताँतीबाट प्रष्ट हुन्छ । सकारात्मक पक्षमा कामदारहरूले रिमिटेन्सको रूपमा करोडौं डलर आफ्नो देश पठाउँछन्, असल उदाहरणका रूपमा त्यो पैसाले उनीहरूको परिवारलाई गरिबीको खाडलबाट बाहिर निकाल्न मद्दत पुऱ्याउँछ, घर बनाउन सघाउँछ, शिक्षामा लगानी हुन्छ र स्वास्थ्य सेवामा खर्च गर्नुका साथै आफ्नो देशको अर्थतन्त्रमा योगदान पुऱ्याउँछ । खराब उदाहरणका रूपमा कामदारले आफ्नो जीवन गुमाउन सक्छन्, वा जबरजस्ती गर्नुपर्ने श्रम वा बेच विखनको भुमरीमा पर्न सक्छन् । धेरैजसो आप्रवासीहरूको अवस्था यी दुई अवस्थाहरूको बीचमा पर्छ ।

लगभग १५ लाख घरेलु कामदारहरू मुख्य गरी इन्डोनेसीया, श्रीलङ्का, फिलिपिन्स् र नेपालबाट साउदी अरेबियामा काम गर्न जान्छन् । यी कामदारहरूलाई उनीहरूले कमाउने विदेशी मुद्राका कारण आफ्नो घरमा “आधुनिक नायक” का रूपमा हेरिने भए तापनि साउदी अरेबियामा उनीहरूले अन्य वर्गका कामदारहरू भन्दा कम सुरक्षा पाउँछन् र मद्दतको आशा बिना वा ज्यादै कम आसासहित अत्यन्त दुर्व्यवहारपूर्ण अवस्थामा फस्ने सम्भावना रहन्छ । घरेलु कामदारहरूले साउदी अरेबियाका कुल ८० लाख विदेशी कामदारहरू एक चौथाईभन्दा कम हिस्सा ओगट्छन् तर कामदार पठाउने देशका दुतावासहरूले उनीहरूकहाँ पर्ने उजुरीको ज्यादै ठूलो हिस्सा घरेलु कामदारहरूको रहेको कुरा बताउँछन् ।

धेरै घरेलु कामदारहरूले राम्रो काम गर्ने अवस्था पाउँछन् भने अन्य धेरैले तलब नपाउने, थुनेर राखिने, खाना नदिने, अत्यधिक कमको बोझ र कहीं कहीं कठोर मनोवैज्ञानिक, शारीरिक तथा यौन दुर्व्यवहारको सामना

गर्छन् । 'ह्युमन राइट वाच' ले यस्ता दर्जनौं मुद्दाहरूको दस्तावेज तयार गरेको छ जसमा यी अवस्थाहरू जबरजस्ती श्रम, बेच–विखन वा दाससरहको अवस्थामा टुङ्गिएका छन् ।

*[1] अन्यथा नभएमा यो प्रतिवेदनले युएस डलर र साउदी रियाल बिचको डिसेम्बर २००६ को विनिमय दर प्रयोग गर्दछ । उ क्त समयमा १ रियाल बराबर ०.२६ युएस डलर थियो ।*

'ह्युमन राइट वाच' ले साउदी श्रम तथा सामाजिक मामिलासँग सम्बन्धित अधिकारीहरूको अन्तरवार्ता लिँदा उनीहरूले घरेलु कामदारहरूमाथि दुर्व्यवहार हुने गरेको स्विकारे तापनि देशभरिका कामदारहरूको हकमा धेरैलाई असल व्यवहार गरिनेमा जोड दिए ।कति आप्रवासी महिला घरेलु कामदारहरूले श्रमिक अधिकार तथा मानव अधिकार उल्लङ्घनको सामना गरिरहेका छन् भन्ने ठीक तथ्याङ्क उपलब्ध छैन तापनि श्रमिक विधानमा रहेका कमजोरीहरू र बन्देजकारी अध्यागमन प्रकृयाले कामदारहरूमाथि हुने दुर्व्यवहारको जोखिमलाई बढाउँछ । साउदी अरेबियामा आम प्रचलनमा रहेको कठोर लिङ्गीय भेद र महिलाविरुद्ध हुने भेदभावले पनि घरेलु कामदारहरूलाई एक्लो बनाउन सहयोग पुऱ्याउँछ । दुर्व्यवहारको सामना गरेकाहरूले पूर्ण उपचार(राहत) पाउने ज्यादै कम आसा हुन्छ ।

**कानुनी रूपरेखा र भर्ती प्रकृयाहरू:**

सेप्टेम्बर २७, २००५ मा शाही आदेश नं. एम/५१ द्वारा संसोधित साउदी श्रम ऐनले सबै घरेलु कामदारहरूलाई अलग्याई उनीहरूलाई अरू श्रमिकहरूलाई ग्यारेन्टी गरिएका हप्तामा एक दिन विदा, काम गर्नु पर्ने घण्टाहरूको सीमा र अक्टोबर २००७ मा घोषणा गरिएको अदालती प्रणालीमा सुधारअनुसार नयाँ श्रम अदालतमाथिको पहुँच जस्ता सुरक्षा प्रदान गरेको छैन । सरकारले पटक–पटक घरेलु कामदारलाई पनि समेट्ने गरी उक्त श्रम ऐनको अनुसूची तयार गर्ने घोषणा गरे तापनि जुन, २००८ सम्ममा त्यस अनुसूचीको अन्तिम टुङ्गो लागेको छैन ।

'ह्युमन राइट वाच' त्यस्तो अनुसूची राखिनु र त्यसको कार्यान्वयन हुनु एक महत्वपूर्ण कदम अघि बढेको ठान्दछ । तर सुधार वास्तवमै प्रभावकारी हुनका निम्ति साउदी अधिकारीहरूले श्रमिकहरूलाई प्रदान गरिएको सुरक्षा घरेलु कामदारहरूलाई प्रदान गर्नुपर्छ जसको कार्यान्वयनका लागि पर्याप्त संयन्त्रहरू विद्यमान छन् । यसो नभएको खण्डमा उक्त अनुसूची श्रृङ्गारिक परिवर्तनमात्र हुनेछ जसले घरेलु कामदारमाथि हुने भेदभावलाई सम्बोधन गर्न सक्ने छैन ।

साउदी अरेबियाको निषेधकारी काफला(प्रस्तावकत्व) प्रणालीले आप्रवासी कामदारका भिसा रोजगारदाताको अधीनमा राखिदिन्छ र यसले पनि शोषण र दुर्व्यवहारलाई बढावा दिन्छ । यस प्रणालीअन्तरगत रोजगारदाताले उसका आप्रवासी कामदारको जीम्मेवारी लिन्छ र कुनै पनि कामदारले साउदी अरेबीयाभित्र पस्न, काम फेर्न वा देश छोड्नका लागि उनको स्पष्ट स्वीकृति लिनुपर्छ । काफला प्रणालीले कामदारलाई रोजगारदाताको पूर्ण नियन्त्रणमा राखेको छ । 'ह्युमन राइट वाच' ले धेरै घटनाहरू दस्तावेजमा उतारेको छ, जसमा कामदारहरू दुर्व्यवहारपूर्ण अवस्थाबाट मुक्त हुन सक्दैनन् वा आफ्नो करार सकिएपछि घर फिर्न पनि सक्दैनन् किनभने उनीहरूका रोजगारदाताले उनीहरूलाई घर फिर्ने स्वीकृति दिएनन् भन्ने देखाएको छ ।

घरेलु कामदारले श्रम तथा अध्यागमन कानुनमा रहेका कमीहरूका कारणले मात्र पीडित हुनुपरेको छैन, बरु साउदी अरेबिया र कामदार पठाउने देशमा रहेका धेरै नाफा कमाउन खोज्ने र कम अनुगमन गरिएका भर्ती गर्ने उद्योगका कारणले पनि पीडित बन्नु परेको छ । एसियामा कामदार भर्ती गर्ने र उनीहरूलाई मध्यपूर्वका रोजगारदाहरूसम्म पुऱ्याउने ब्यापार ज्यादै फस्टाएको कुरा विगत केही दशकमा लागेको कामदारहरूको ताँतिले प्रस्ट्याएको छ । कामदार पठाउने देशहरूमा भर्ती गर्नेहरूले चर्को शुल्क लिन सक्छन्, काम गर्नुपर्ने

अवस्थाबारे अपूरो वा गलत सूचना दिन सक्छन् र इन्डोनेसियामा काममा जान चाहने महिला तथा केटीहरूलाई काम गर्न जाने देशतर्फ उड्नु अगाडि जबरजस्ती थुनेर राख्न सक्छन् र तालिम केन्द्रहरूमा दुर्व्यवहार गर्न सक्छन् । साउदी अरेबियामा 'ह्युमन राइट वाच' ले कामदारहरूका एजेन्टहरूले घरेलु कामदारहरूको सहयोगको अनुरोधलाई बेवास्ता वा अस्वीकार गरेको र केही अवस्थाहरूमा कामदारहरू देश फर्कदा लाग्ने खर्च बचाउन उनीहरूलाई अन्य रोजगारदाताकहाँ स्थानान्तरण गरेको कुरा दस्तावेजमा उल्लेख गरिएको छ ।

साउदी सरकारले काफला प्रणालीको स्थानमा तीन वा चार वटा ठूला भर्ती गर्ने निकायहरूद्वारा विदेशी कामदारहरूको प्रस्तावकत्व(sponsorship) गरी प्रतिस्थापन गरी काफला प्रणालीमा सुधार गर्ने सोच बनाएको छ । यो विकल्प रोजगारदाता आधारित प्रस्तावकत्व(sponsorship) प्रणालीमा रहेका केही समस्याहरू वरिपरि घुम्ने भए तापनि आप्रवासी कामदारहरूको जीवनमाथि अत्यधिक नियन्त्रण गर्ने केही ठूला निकायहरूको हातमा यस्तो नाफामूलक उद्योगलाई केन्द्रित गर्दै नयाँ चुनौतीहरू खडा गरेको छ । भर्ती गर्ने निकायहरूद्वारा आप्रवासी कामदारहरूको शोषण र उनीहरूमाथि हुने दुर्व्यवहार रोक्न यस्तो सुधारले आप्रवासी कामदारहरूका अधिकार सुरक्षित गर्न कडाईका साथ स्वतन्त्र अनुगमनसहितको नियन्त्रण र सन्तुलन(check and balance) को व्यवस्था गर्नुपर्छ ।

**घरेलु कामदार विरुद्ध दुर्व्यवहारहरू**

धेरै घरेलु कामदारहरूले उनीहरूलाई असल व्यवहार गर्ने, नियमित तलब दिने र काम गर्ने उपयुक्त अवस्था मिलाउने जिम्मेवार रोजगारदाता भेट्टाउन सक्छन् । यस्ता कामदारहरूका अनुभव उनीहरूका देशमा व्यापक बनेको विदेशमा पाइने काम लाभप्रद र रोमाञ्चक हुने हल्लाको आधार बन्दछन् । दुर्भाग्यवस सम्मानजनक कामको न्युनतम स्तर कायम भएको अवस्थाको ग्यारेन्टी हुँदैन, बरु यो कुरा प्रायसः भाग्यमा निर्भर रहन्छ र कम भाग्यवान कामदारहरू ज्यादै शोषित हुने र उम्कन सक्ने सम्भावना कमै भएको अवस्थामा फस्न सक्छन् ।

केही रोजगारदाताहरूले घरेलु कामदारमाथिको आफ्नो नियन्त्रण र साउदी कानुन अन्तरगतका दायित्वहरूबाट प्राप्त स्वतन्त्रताबाट नाजायज फाईदा लिन्छन् । घरलु कामदार, कुटनीतिज्ञहरू तथा साउदी अधिकारीहरूसँग लिइएका अन्तरवार्ताहरूले तलब नदिने वा तोकिएको भन्दा कम तलब दिने सबैभन्दा बढी पर्ने उजुरी मध्ये पर्दछन् भनी देखाए । यसबाहेक धेरै महिलाहरूले आफूले आफ्नो देशमा करार गर्दा वाचा गरिएको तलब भन्दा पाउने गरेको तलब कम भएको बताए ।

हामीले रोजगारदाताहरूले र केही अवस्थामा एजेन्टहरूले कामदारहरूलाई शारीरिक तथा मनोवैज्ञानिक दुर्व्यवहार गरेका धरै उदाहरणहरूको दस्तावेज तयार गरेका छौँ । दुर्व्यवहारका उदाहरणहरूभित्र, कुटाइ, जानाजान आइरनले पोल्ने, धम्की, बेइजती र उनीहरूको टाउको मुडीदिने जस्ता अपमानजनक कार्यहरू पर्छन् । खाना खान नदिने आम दुर्व्यवहारभित्र पर्छ । हामीले त्यस्ता महिलाहरूको अन्तरवार्ता लिएका छौँ जसले विशेष गरी उनीहरूका रोजगारदाता, तिनका छोराहरू र कुनै कुनै अवस्थामा आफूले सहयोगका लागि गुहारेका अन्य विदेशी पुरुष कामदारहरूद्वारा बलात्कार, बलात्कारको प्रयास र अन्य यौन दुर्व्यवहारको सामना गर्नुपरेको बताए । त्यस्ता महिलाहरूले व्यभिचार वा अन्य "नैतिक दुराचरण" को आरोपमा आफैँलाई मुद्दा लाग्ने भयले यस्ता उजुरीहरू साउदी अधिकारीहरू सामू कमै लाने गरेको कुरा हामीलाई दुतावासहरूले बताए ।

दुतावासहरू तथा साउदी सामाजिक मामिला मन्त्रालयले प्राप्त गरेका उजुरीहरू मध्ये "अधिक कामको बोझ" सबै भन्दा बढी भेटियो । धेरै कामदारहरूले कतै कतै एक घण्टाको आरामसहित र अन्त त्यो विनै दैनिक १५–२० घण्टा काम गर्नु परेको बताए । अन्तरवार्ता लिइएका मध्ये कसैले पनि हप्तामा एक दिन विदा वा तलब सहितको विदा पाएको बताएनन् । कामको बोझ र काम गर्नु पर्ने घण्टा विशेष गरी रमादानको समयमा बढ्ने गरेको पाइयो । घरेलु कामदारले बिरामी भएको वा चोट पटक लागेको अवस्थामा पनि काम गर्नु परेको बताए र स्वास्थ्य सेवामा उनीहरूको पहुँच ज्यादै न्यून भेटियो । यसका अतिरिक्त धेरै कामदारहरू ठूला घरहरूमा काम गरिरहेका भए तापनि भण्डार कोठामा सुत्नु पर्ने अझ एक अवस्थामा स्नान कक्षमा सुत्नु पर्ने जस्ता अपर्याप्त आवास सुविधा पाएको बताए ।

साउदी अध्यागमन नीतिअनुसार घर फर्कन चाहने कामदारका निम्ति रोजगारदाताले "निर्गमन भिसा" मा हस्ताक्षर गरीदिनुपर्छ । धेरै रोजगारदाताहरूले यस्ता "निर्गमन भिसा" मा सही गर्न अस्वीकार गर्छन् र घरेलु कामदारहरूले आफ्नो इच्छाविरुद्ध महिनौं वा वर्षौं काम गर्नुपर्छ । अन्य अवस्थाहरूमा यदी कामदार भागेर आश्रयमा बस्दैछन् भने उनीहरूका पूर्व रोजगारदाताले "निर्गमन भिसा" मा हसताक्षर गर्न महिनौं सम्म आलटाल गर्छन् । जब रोजगारदाताले कामदारहरूलाई उनीहरूको इच्छा विरुद्ध काम गरिरहन बाध्य तुल्याउछन्, उनीहरूको शोषण गर्छन्, शारीरिक तथा यौन दुर्व्यवहार गर्छन्, उनीहरूको तलब रोक्का गर्छन् र काम गर्ने ठाँउबाट अन्यत्र जान दिदैनन्, तब यस्ता महिलाहरू जबरजस्ती श्रम र प्राय दासत्वको अवस्थामा हुन्छन् ।

आप्रवासी घरेलु कामदारको एकान्तपन, आर्थिक तनाव र सहायतासम्मको सीमित पहुँचमा धेरै कुराहरूले योगदान गरेका हुन्छन् । घरेलु कामदारहरूले दुर्व्यवहारपूर्ण अवस्थाबाट मुक्त हुने कुनै बाटो नदेख्न सक्छन्, किनभने काम गर्ने अनुमतिपत्र उनीहरूका रोजगारदाताको अधीनमा हुन्छ र काम छोड्नु अथवा कामबाट निकालिनुको सोझो अर्थ तत्कालै स्वदेश फिर्ता गरिनु हुन्छ । धेरै रोजगारदाताहरूले आफ्ना घरेलु कामदारहरूका पासपोर्ट तथा काम गर्न पाउने अनुमतिपत्र खोसेर राख्छन्, जसको अर्थ दुर्व्यवहारपूर्ण अवस्थाबाट भाग्ने महिला वा केटीहरूले गिरफ्तारी र अध्यागमन नजरबन्दको सामना गर्नु पर्ने हुनसक्छ । हामीले अन्तरवार्ता लिएका सबै घरेलु कामदारका पासपोर्ट उनीहरूका रोजगारदाताले राखेका थिए र धेरै अवस्थाहरूमा साउदी अधिकारीहरू र दुतावासका कर्मचारीहरूले हस्तक्षेप गर्दा पनि उनीहरूले ती पासपोर्टहरू पेस गर्न अस्वीकार गरे । केही रोजगारदाताहरूले आफ्ना घरेलु कामदारहरूलाई फोन गर्न वा लिन, छिमेकीसँग कुरा गर्न वा स्वतन्त्र रूपले काम छोड्नमा बन्देज लगाउँछन् । 'ह्युमन राइट वाच' ले अन्तरवार्ता लिएका धेरै घरेलु कामदारहरूले उनीहरूका रोजगारदाताहरू घरमा नभएको अवस्थामा आफूहरूलाई काम गर्ने ठाँउमा बाहिरबाट थुनेर राख्ने गरेको बताए । कयौंले आफूहरूलाई सयनकक्ष वा स्नानकक्षमा(बाथरुम) एक पटकमा धेरै दिनसम्म थुनेर राखेको बताए ।

### कमजोर उद्धार (Redress) संयन्त्र

साउदी सरकार र कामदार पठाउने राष्ट्रका वैदेशिक नियोगहरूलाई प्रत्येक वर्ष घरेलु कामदारबाट हजारौं उजुरीहरू प्राप्त हुन्छन् । हाम्रो अनुसन्धानले घरभित्र थुनामा राखिएका कारण रोजगारदाताले उनीहरूलाई आफूखुसी स्वदेश फिर्ता गर्न सक्ने कारण र सरकारी सहायता खोज्दा ज्यादै कम प्रोत्साहन प्रदान गर्ने कमजोर उद्धार(Redress) संयन्त्रका कारण धेरै घरेलु कामदारहरूका समस्याहरू प्रकाशमा नआउने कुरा पत्ता लगाएको छ ।

साउदी अधिकारीहरू समक्ष वा कामदार पठाउने देशका दुतावासमा पेस भएका उजुरीहरूका सम्बन्धमा घरेलु कामदारविरुद्ध हुने शोषण र आपराधिक दुर्व्यवहार यथास्थितिमा रहन वा थप बढ्न पनि सक्छ । साउदी अधिकारीहरूले केही घरेलु कामदारहरूलाई आफ्नो बक्यौता तलब प्राप्त गर्न मद्दत गरे तापनि अन्य धेरै

अवस्थाहरूमा उनीहरूले घरेलु कामदारलाई दुर्व्यवहारपूर्ण अवस्थामै पुनः फर्काइदिने, रोजगारदाताको प्रत्यभियोगका आधारमा कामदारलाई लै सजाय दिने वा रोजगारदाता र कामदारबीच अन्यायपूर्ण सम्झौता गराउने गर्छन् । विवाद गर्ने औकातमा रहेको भिन्नतालाई दृष्टिगत गर्दा पनि घरेलु कामदारहरू प्रायसः आफ्नो पाकेको पूरा तलब विनै वा अन्य दुर्व्यवहारको उपचार विनै स्वदेश फर्कन्छन् ।

सामाजिक मामिला मन्त्रालयले प्रस्थान भिसा, फर्कने हवाई टिकट, परिचय–पत्र आवश्यक परेका र आफ्ना रोजगारदातासँग तलबसम्बन्धी विवाद भएका कामदारहरूका निम्ति रियादमा एउटा आश्रय सञ्चालन गरेको छ । यो केन्द्रले घरेलु कामदारलाई अध्यागमन र श्रम सम्बन्धी समस्याहरू समाधान गर्ने संयन्त्र प्रदान गर्ने महत्वपूर्ण कदमलाई प्रतिनिधित्व गर्छ । तर पनि यसको सञ्चालनका विभिन्न पक्षहरूले चिन्ता उब्जाउँछन् । घरेलु कामदारहरूले अन्यायपूर्ण आर्थिक सम्झौता गर्नुपर्छ र आफ्नो मुद्दाका विषयमा ज्यादै कम सूचनासहित भीडभाडपूर्ण आश्रयमा महिनौंसम्म कुर्नुपर्छ ।

साउदी फौजदारी न्याय प्रणालीसँग द्वन्द्व भएमा आप्रवासी घरेलु कामदारले विभिन्न समस्याहरूको सामना गर्नुपर्छः असमान वा अत्यन्त ढिलो प्राप्त हुने दोभाषे, कानुनी सहायता र दुतावाससम्मको उनीहरूको पहुँचः उनीहरूका रोजगारदाताद्वारा आफ्ना दुर्व्यवहारहरूलाई छोप्न लगाइने गरेका चोरी वा बोक्सा बोक्सी जस्ता मिथ्या प्रत्यभियोग र असम्बन्धित पुरूषसँग मेलजोल र सहमतीमा गरिने यौन सम्पर्कलाई अपराधीकरण गर्ने भेदभावपूर्ण र कठोर नैतिक कानुन । बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित तर कठोर सरिया प्रमाणको मापदण्डअनुरूप तिनलाई प्रमाणित गर्न नसक्ने घरेलु कामदारहरूले अनैतिक काम वा व्यभिचारको आरोपमा आफैंले सजाय पाउँन सक्छन् । त्यस्ता अपराधको सजाय भित्र कैद, कोर्रा र केही अवस्थाहरूमा मृत्युदण्डसम्म हुनसक्छ ।

दुतावास कर्मचारीहरू घरेलु कामदारविरुद्ध हुने दुर्व्यवहारका मुद्दाहरूका निम्ति साउदी अरेबियामा स्थापित प्रकृया वा प्रणली नै छैन भनी गुनासो गर्छन् । नाम उल्लेख नगर्ने सर्तमा एउटा दुतावासका एक अधिकारीले भने,"यहाँ कुनै मापदण्ड नै छैन, हामी तपाइलाई यो रियाद वरिपरि रहेका महिलाहरूका निम्ति मापदण्ड हो भनेर भन्न सक्ने अवस्थामा छैनौं किनभने प्रत्येक मुद्दा विशिष्ट हुन्छन्, प्रत्येक पटक समाधान फरक हुन्छन् किनभने यहाँ प्रकृया नै छैन "।[२]

दुर्व्यवहार पीडितहरूका निम्ति प्रभावकारी उद्धार(redress) संयन्त्रको अभावमा कामदार पठाउने राष्ट्रका कुटनीतिक नियोगले आफ्ना देशवासीका अधिकारको जन वकालत(advocacy) र आश्रय, कानुनी सहायता र रोजगारदाताबाट बक्यौता तलब दावी गर्ने जस्ता सेवाहरू प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । इन्डोनेसिया, श्रीलङ्का, फिलिपिन्स र नेपाल र कामदार पठाउने अन्य देशहरूका कुटनीतिक नियोगहरूको क्षमता र प्रदान गरिने सहयोगहरूमा व्यापक भिन्नता छन् । धेरैले उजुरीको ठूलो परिमाण व्यवस्थापन गर्न अपर्याप्त वित्तीय स्रोत र कर्मचारी लिएर सङ्घर्ष गरिरहेका छन् । यी नियोगहरूले धेरै अवस्थाहरूमा महत्वपूर्ण सहयोग प्रदान गरे तापनि सहयोगको अपेक्षा राख्ने घरेलु कामदारहरू आफ्ना मुद्दाहरूका विषयमा ज्यादै कम सूचना पाउने र लामो समय पर्खनु पर्ने विषयबारे गुनासो गर्छन् । इन्डोनेसियाली र श्रीलङ्काली दुतावासद्वारा सञ्चालित आश्रयहरू भिडभाडपूर्ण र ज्यादै फोहोर छन् र नेपाली दुतावासले ठूलै सङ्ख्यामा उजुरीहरूको व्यवस्थापन गरिरहेको भए तापनि उसले आश्रय सञ्चालन गरेको छैन ।

*२. 'ह्युमन राइट वाच' ले कामदार पठाउने देशको दुतावासका जे नाम गरेका एक जना कर्मचारीसँग रियाद, साउदी अरेबियामा डिसेम्बर १३, २००६ मा अन्तरवार्ता लिएको थियो ।*

यस प्रतिवेदनमा उल्लिखित दुर्व्यवहारका प्रकारहरूको प्रत्युत्तर स्वरूप कामदार पठाउने केही राष्ट्रहरूले साउदी अरेबियामा महिलाहरूको आप्रवासमाथि प्रयोग गरे वा बन्देज लगाए तर अनुभवले के देखाएको छ भने यस्ता बन्देजहरूले महिलाहरू कम सुरक्षित र गैह्र कानुनी बाटो अपनाई विदेशिन्छन् जसले उनीहरूलाई थप जोखिममा पार्छ । यसको विपरीत साउदी अरेयिबा र रोजगारी प्रदान गर्ने अन्य राष्ट्रहरूले कामदारहरूको प्रवाहलाई नियन्त्रण गर्न कडा अध्यागमन नीति लागू गेका छन् ।

सुमधुर र अधिकार आधारित निर्गमन नीतिको विकास र कार्यान्वयनको निम्ति बहुपक्षीय र क्षेत्रीय सहकार्य आवश्यक छ । विवाद गर्ने असमान क्षमताका कारण कामदार पठाउने देश र कामदार राख्ने देश बीचको सम्झौता कमजोर हुन्छ । कोलोम्बो प्रकृया, अबुधाबी वार्ता र भूमण्डलीय बसाइँ सराइ र विकास मञ्च जस्ता बसाइँ सराइ बारे छलफल गर्न सरकारहरूलाई एकै ठाउँमा ल्याउने नयाँ प्रयासहरूले आप्रवासी घरेलु कामदारहरूका अधिकारहरू सम्बोधन गर्न महत्वपूर्ण औजारका रूपमा काम गर्ने सामर्थ्य राख्छन् । यस्ता भेलाहरूले संयुक्त राष्ट्र सङ्घका प्रकृयाहरूसँग बलियो सम्बन्ध विकास गर्नुपर्छ र विद्यमान मानव अधिकार सन्धिहरूलाई आत्मसात गर्नुका साथै तिनैमा आधारित हुनुपर्छ ।

**साउदी सरकारलाई केही मुख्य सुझावहरू**

आप्रवासी कामदारविरुद्ध हुने दुर्व्यवहार निर्गमन रोकेर सम्भव हुँदैन बरु सुरक्षा प्रदान गरेर सम्भव हुन्छ जसले गर्दा घरेलु कामदारहरू सुसूचित छनौट र आफ्ना अधिकारहरूको सुरक्षासहित काम गर्न जानेछन् । घरेलु कामदारविरुद्ध हुने धेरै दुर्व्यवहारहरूलाई रोकथाम गर्न सकिन्छ र जब त्यस्ता दुर्व्यवहारका घटनाहरू घट्छन् तब दोषीहरूलाई त्यसको जवाफदेही बनाउन सरकारले निश्चित कदमहरू चाल्न सक्नेछ ।

'ह्युमन राइट वाच' साउदी सरकार समक्ष निम्न सुझावहरू सिफारिस गर्दछ ।

- भिसा प्रस्तावकत्व(sponsorship) प्रणालीमा सुधार गर जसले गर्दा कामदारहरूका भिसा प्रस्ताव गर्ने व्यक्तिका अधीनमा रहने छैनन् र उनीहरूले इच्छा अनुसार काम फेर्न वा देश छोड्न सक्नेछन् ।
- श्रम संहिताको २००५ को अनुसूचीमा घरेलु कामदारहरूलाई समाहित गर, उनीहरूका निम्ति पनि अन्य कामदारहरूलाई सरह सुरक्षा सुनिश्चित गर र तीनको कार्यान्वयन र संयन्त्रका लागि समय तालिकाको निर्माण गर ।
- घरेलु कामदारहरूको काम गर्ने अवस्था अनुगमन गर्न, उद्धार कार्यलाई सहज बनाउन, बक्यौता तलब प्राप्त गर्न र समयमै स्वदेश फर्काउन कामदार पठाउने देशहरूसँग सहकार्य गर ।
- घरेलु कामदारहरूका निम्ति साउदी सामाजिक मामिला मन्त्रालयद्वारा सञ्चालित केन्द्रहरूको सुविधा र त्यसका निम्ति गरिएका सन्धिहरूमा सुधार गर ।
- थुनामा परेका कामदारहरू बारे सूचना दिन र दुर्व्यवहार पीडित कामदारहरूका निम्ति स्वास्थ्य सेवा, परामर्श र कानुनी सहायता जस्ता सुविधासहितका आश्रय निर्माण गर्न कामदार पठाउने देशसँग सहकार्य गर ।
- श्रम निकाय(agencies) हरू र कामदार भर्तीका अभ्यासहरूको सूचना विनै निरीक्षण गर्नेसहितको नियमित र स्वतन्त्र अनुगमन गर्ने संयन्त्रको निर्माण गर ।

**आप्रवासीहरूका आफ्नो देशका सरकारहरूलाई( इन्डोनेसिया, श्रीलङ्का, फिलिपिन्स र नेपालसहित) केही मुख्य सुझावहरू:**

- साउदी अरेबियामा रहेका दुतावास र कुटनीतिक नियोगमा आप्रवासी घरेलु कामदारहरूका निम्ति आश्रयको गुणस्तर, परामर्शको उपलब्धता र तालिम प्राप्त कर्मचारी जस्ता सेवाहरूमा सुधार गर ।

- सूचना विनै निरीक्षण गर्ने र प्रभावकारी उजुरी संयन्त्र निर्माणसहितको भर्ती गर्ने एजेन्टहरूको अनुगमन गर्ने संयन्त्रलाई सबल बनाऊ ।
- सम्भावित आप्रवासी कामदारहरूमाझ सचेतनता अभिबृद्धि कार्यक्रम सञ्चालन गर र प्रस्थान गर्नु अगाडि दिइने तालिमहरूलाई प्रभावकारी बनाऊ ।

सुझावहरूको विस्तृत पाठ यस प्रतिवेदनको अन्त्यमा दिइएको छ ।

**विस्तृत सुझावहरू**

साउदी सरकारले घरेलु कामदार विरुद्ध हुने दुर्व्यवहारका विषयमा चासो देखाएको छ जुन कुरा सामाजिक मामिला मन्त्रालयले निर्माण गरेका आश्रयहरू, श्रम संहिता संसोधन गर्ने प्रस्ताव र घरेलु कामदारहरूलाई असल व्यवहार गर्नुपर्छ भन्ने सार्वजनिक सन्देश प्रसारणबाट स्पष्ट हुन्छ । तर यसभन्दा धेरै बढी व्यवस्थित र सामाजिक परिवर्तनको आवश्यकता छ ।

आप्रवासी महिला कामदारहरूले आफ्नो काम बारे सही र पूर्ण सूचना प्राप्त गरुन्, आफ्नो करार–पत्र आफूले बुझ्ने भाषामा पढ्न पाउन र आवश्यकता पर्दा सहायता माग्ने ठाउँहरू बारे जानकारी राखून् भन्नका लागि कामदारहरूको आफ्नै देश र साउदी अरेबियामा भर्ती प्रणालीमा सुधार गर्नु महत्वपूर्ण छः श्रम तथा अध्यागमन नीतिहरूको रूपान्तरण पनि महत्वपूर्ण छ । वर्तमानमा काफला प्रणाली र कामदारहरूलाई श्रम कानुनबाहिर राखिनुले आप्रवासी घरेलु कामदारहरूलाई शोषणको ठूलो जोखिममा पार्छ । अन्त्यमा साउदी सरकारले फौजदारी न्याय प्रणाली, कामदार विवाद सुल्झाउने संयन्त्रमा व्यापक सुधार र दुर्व्यवहारबाट पीडित घरेलु कामदारहरूले पनि न्याय पाउन भन्नाका लागि उनीहरूको स्वेश फिर्ती सुनिश्चित गर्न उपयुक्त संयन्त्र(च्यानल) निर्माण गर्नुपर्छ ।

**साउदी सरकारलाई**

**आप्रवासी घरेलु कामदारका निम्ति समान र विस्तृत कानुनी सुरक्षा प्रदान गर, त्यस्ता सुरक्षा कार्यान्वयनको समय तालिका र औजारहरू निर्क्योल गर ।**

- घरेलु कामदारहरूलाई सुरक्षा प्रदान गर्न श्रम कानुनको प्रस्तावित अनुसूची लागू गर । यस संसोधनले काम गर्ने घण्टा तोक्ने, तलबको भुक्तानी, ओभर टाइम, तलब कट्टी, साप्ताहिक विदा, तलबसहितका विदा र कामदारलाई क्षतिपूर्ति जस्ता प्रावधानरहरू समेटी आप्रवासी कामदारहरूलाई अन्य कामदारहरूसमान सुरक्षाको ग्यारेन्टी गर ।
- प्रस्तावित अनुसूची न्यायसंगत छ भनी श्रम अदालत मार्फत सुनिश्चित गर ।
- तलब विवाद र अन्य श्रम सम्बन्धित मुद्दाहरूको समाधानका निम्ति घरेलु कामदारको श्रम अदालतमाथिको पहुँचमा सुधार गर ।
- निजामती कार्यविधि नियमावलीका ती प्रावधानहरूको कार्यान्वयन गर जसले गर्दा घरेलु कामदारद्वारा दावी गरिएको आफ्नो बक्यौता तलब उपलब्ध गराउन रोजगारदातालाई अह्राउँछ ।
- घरेलु कामदारहरू राख्दा रोजगारदाताहरूका कानुनी अधिकार र दायित्वहरू बारे जानकारी दिन उनीहरूका निम्ति अनिर्वाय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर । संवादका वाधा र सांस्कृतिक भिन्नताजनित असमझदारीहरू हटाउने रणनीतिहरू तयार गर र त्यस्ता समस्याहरू देखिएका अवस्थामा स्रोतहरूसम्मको सिफारिसको व्यवस्था गर ।
- आप्रवासी घरेलु कामदारहरूलाई कामको लागि आउनासाथ उनीहरूका अधिकार र दायित्वहरू के के हुन् भन्ने विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नै पर्ने व्यवस्था लागू गर । त्यस्ता

कार्यक्रमहरूमा समस्या आइलागे कहाँ भन्न जाने, बैङ्क खाता सञ्चालनका लागि वित्तीय साक्षारता, आफ्ना परिवारजनसँग कसरी सम्पर्कमा रहने, आफ्नो दुतावासका कर्मचारीहरूसँग परिचय र आफ्नो देशमा कानुन सम्मत काम ठहरिने तर साउदी अरेबियामा अपराधिक काम ठहरिने गतिविधि जस्ता साउदी कानुनहरू बारे जानकारी जस्ता कुराहरू समेटिएको हुनुपर्छ ।

**आप्रवासी घरेलु कामदारको कानुनी हैसियत, रोजगारदाता परिवर्तन गर्न पाउने र साउदी अरेयिबा छोड्न पाउने सामर्थ्यलाई उनीहरूका रोजगारदातासँग जोड्ने प्रस्तावकत्व(sponsorship) कानुन खारेज गर ।**

- काफला प्रस्तावकत्व प्रणालीमा सुधार गर वा त्यसलाई खारेज गर । यसो गर्दा अस्थायी रोजगारी आधारित भिसाहरू रोजगारदाताको अधिनमा रहने छैनन् । आफ्नो कानुनी हैसीयत नगुमाई र पहिलेको आफ्नो रोजगारदाताको स्वीकृति लिनु नपर्ने गरी कामदारले आफ्नो काम फेर्न पाउने कुरा सुनिश्चित गर ।
- आप्रवासी घरेलु कामदारहरूले देश छोड्न चाहिने “निर्गमन भिसा” प्राप्त गर्न आफ्ना प्रस्तावकको सहमती लिनु पर्ने प्रावधान खारेज गर ।
- हाल प्रस्ताव गरिएअनुरूप विदेशी कामदारको प्रस्तावकत्वको जिम्मा लिएमा भर्ती गर्ने निकायहरूका गतिविधिहरूको कडा अनुगमन गर्ने सुपरीवेक्षण निकायको व्यवस्था गर । यस्ता निकायलाई दुर्व्यवहार गरेको आरोप लागेमा त्यसको अनुसन्धान गर्ने र सञ्चालन अनुमति–पत्र खारेज गर्ने, ठूलो जरिवाना ठेक्ने र फौजदारी मुद्दा चलाउन मुद्दा दायर गर्ने जस्ता अधिकारहरू प्रदान गरिनुपर्छ । कामदार पठाउने देशहरू र नागरिक समाज सहित सबै सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी एउटा बोर्ड निर्माण गर ।
- धरेलु कामदार हराएको वा उनीहरूले आफ्नो रोजगारदाताको पहिचान गर्न वा चाहेको वेला उनलाई पत्तो लगाउनका निम्ति सजिलै प्राप्त हुने र नियमित अध्यावधिक गरिने डाटावेस तयार गर ।
- साउदी अरेबियामा मृत्यु भएका कामदारको शव(मृत शरीर) स्वदेश फिर्ता पठाउन अनुमति प्रदान गर्ने प्रकृयाहरू सरल बनाऊ ।

**थुनुवा कामदारहरूको सम्बन्धमा कामदार पठाउने राष्ट्रहरूसँग सहकार्य गर ।**

- कुटनीतिक सम्बन्ध बारे भियाना सन्धिअनुसार थुनिएका कामदार र पेसी मिति जस्ता फौजदारी अदालती प्रकृयाबारे समयमै दुतावासलाई जानकारी देऊ ।
- आप्रवासी कामदारहरूलाई दुतावासका अधिकारीहरूसँग सम्पर्क पाउने उनीहरूको अधिकार बारे बताऊ र त्यसो गर्न चाहिने सुविधाहरू प्रदान गर ।
- आफ्नो इच्छा विरुद्ध काम गरिरहन वाध्य पारिएका र रोजगारदाताले घरमा थुनेर राखेका आप्रवासी घरेलु कामदारहरूको उद्धारका निम्ति कामदार पठाउने राष्ट्रहरूसँग सहकार्य गर । यस्ता उद्धार कार्यको अनुमति दिने प्रकृयालाई सरल बनाऊ ।

**साउदी सामाजिक मामिला मन्त्रालयद्वारा घरेलु कामदारहरूका निम्ति सञ्चालित केन्द्रहरूमा सुविधा र त्यसको बडापत्र(protocol)मा सुधार गर ।**

- केन्द्रमा बस्ने महिलाहरूलाई आफ्ना परिवारजनलाई तथा दुतावासमा फोन गर्ने, बाहिर हिँडडुल गर्ने र मोबाइल फोन राख्न पाउने जस्ता आवत-जावत र सञ्चार सुविधा प्रदान गर ।
- मुद्दा पत्ता लगाउन र त्यसको प्रकृयालाई सजिलो बनाउन, समबन्धित साउदी अधिकारीहरूसँग र कामदार पठाउने राष्ट्रका दुतावासहरूसँग सूचना आदान प्रदान गर्न र मुद्दाको पक्ष विपक्ष धार(

trend) कता बहिरहेकोछ अनुगमन गर्न फाइलहरूलाई कम्प्युटरमा राख । दुर्व्यवहार गर्ने रोजगारदाताहरू भर्ती गर्ने निकायहरूको कालो सूची तयार गरी त्यसको पनि आदान-प्रदान गर ।

- घरेलु कामदारको मुद्दासम्बन्धी कुनै अन्तरवार्ता वा बैठकमा व्यवसायिक दोभाषेको व्यवस्था गर र घरेलु कामदारले बोल्ने भाषा स्पष्ट बोल्ने कर्मचारीको व्यवस्था गर ।
- केन्द्रमा बस्न आएका कामदारहरूका चासोका सबै विषयहरूको पहिचान हुने गरी विस्तृत ग्रहण( intake) फाराम तयार गर ।
- अति नै असमान विवाद सामर्थ्यबाट बच्न बक्यौता तलब र फिर्ती हवाई टिकटको विषयलाई निर्गमन भिसा प्राप्त गर्न रोजगारदाताको स्वीकृति चाहिने प्रावधानबाट अलग्याऊ ।
- घरेलु कामदारहरूलाई उनीहरूको मुद्दाको स्थिति र उनीहरूका सामू रहेका विकल्प बारे नियमित सूचना प्रदान गर ।

**विद्यमान राष्ट्रिय कानुनको उल्लङ्घन हुने गरी घरेलु कामदारसँग व्यवहार गर्ने रोजगारदाता र रोजगारी उपलब्ध गराउने एजेन्टहरूलाई कडा कार्वाही गर ।**

- घरेलु कामदार विरुद्ध शारीरिक र यौन हिसां गर्ने दोषीहरू बारे अनुसन्धान गरी मुद्दा चलाऊ र उनीहरूलाई कडा सजाय देऊ ।
- घरेलु कामदारलाई यस्ता मुद्दाहरूमा आफ्नो दुतावासलाई वारेस राख्ने अनुमती प्रदान गर जसले गर्दा उनीहरू लामो समय आश्रयहरूमा थन्किनु पर्ने छैन र घर फर्कन पाउने छन् ।
- विद्यमान राष्ट्रिय कानुनको उल्लङ्घन हुने गरी श्रमिक अधिकारको उल्लङ्घन गर्नेहरूलाई अनुसन्धान गरी मुद्दा चलाऊ र उनीहरूलाई कडा सजाय देऊ ।
- दुर्व्यवहार गर्ने रोजगारदाताहरूलाई भविष्यमा घरेलु कामदार राख्न नपाउने भन्दा बढी सजायहरू थप गर ।
- घरेलु कामदार विरुद्ध हुने दुर्व्यवहार पहिचान गर्न र त्यसको अनुसन्धान गर्न प्रहरीलाई तालिम देऊ र त्यस्तो स्थितिमा कसरी व्यवहार गर्ने भनी बडापत्र(protocol) तयार गर र कहाँ सम्पर्क गर्ने भनी उपयुक्त स्थानहरू सिफारिस गर । प्रहरी र अध्यागमन अधिकारीहरूलाई घरेलु कामदारहरूको इच्छाविरुद्ध उनीहरूलाई दुर्व्यवहार गर्ने रोजगारदाता कहाँ फेरी फर्काउनु हुँदैन भन्ने विषयमा शिक्षा प्रदान गर्नुपर्छ र उनीहरूले रोजगारदाता र श्रम एजेन्टविरुद्ध उजुरी गर्ने तरिका जान्दछन् भन्ने कुरा सुनिश्चित गर ।
- बलात्कारलाई प्रमाणित गर्न कठिनाई पर्ने, सहमतिमा यौन व्यवहार गर्ने बयस्कहरूलाई फौजदारी सजाय हुने र बोक्सी अथवा "टुना-मुना" को कथित आरोपमा सजाय हुनेसहित सिङ्गै फौजदारी कानुनमा सुधार गर ।

**भर्ती गर्ने निकायहरूको व्यवस्थापन र अनुगमनलाई सबल बनाऊ**

- निरीक्षकहरूको सङ्ख्या थपेर र विना सूचना निरीक्षणहरू पठाएर श्रम मन्त्रालयद्वारा गरिने भर्ती गर्ने निकायहरूको अनुगमनमा सुधार गर ।
- भर्ती, स्थानान्तरण, रोजगारदाता/कामदार विवादको व्यवस्थापन र साउदी सरकार र कामदार पठाउने देशका दुतावासहरूमा सिफारिस गरेर पठाउने विषयहरू समेटिएको बडापत्र(protocol) मा सुधार गरी त्यसलाई व्यवसायिक बनाऊ ।
- रोजगारदाताले श्रम कानुन नतोडेका वा कामदारलाई दुर्व्यवहार नगरेका तर उनका कामदारले समय अगावै काम छोडेका अवस्थामा त्यस्ता रोजगारदाताको गुमेको भर्ती शुल्क फिर्ता गर्ने विमा कार्यक्रम स्थापना गर्ने सोच बनाऊ ।

**अन्तरराष्ट्रिय मानव अधिकार मापदण्डहरूको पालना गर**

- सबै आप्रवासी कामदार तथा तीनका परिवार सदस्यहरूका अधिकार सुरक्षा सम्बन्धी सन्धि (आप्रवासी कामदार सन्धि) र अन्य सबै महत्पूर्ण अन्तरराष्ट्रिय श्रम सङ्गठनका सन्धिहरूमा कुनै द्विवीधा विना हस्ताक्षर गर । सन्धि गर्ने अङ्गमा जानकारी दीनुपर्ने आवश्यकता पुरा गर ।
- कामदारको पासपोर्ट रोजगारदाताले नै राख्ने व्यवस्था अन्त्य गर्ने सन्दर्भमा जातीय भेदभाव अन्त्य गर्ने समिति र थुनामा रहेका आप्रवासी घरेलु कामदारको कुटनीतिक सहयोगसम्मको पहुँचका सन्दर्भमा यातना विरोधी समिति दुबैले पहिले नै जारी गरेका सिफारिसहरूको पालना गर ।
- महिलाविरुद्धका सबै प्रकारका भेदभाव अन्त्य सम्बन्धी सन्धि र बाल अधिकार सन्धिमा रहेका आरक्षण हटाऊ ।
- आप्रवासीका मानव अधिकार र बेच-विखन सम्बन्धी संयुक्त राष्ट्रका विशेष प्रतिवेदकहरू आप्रवासी घरेलु कामदारहरूको स्थिति अनुसन्धान गर्न उनीहरू स्वयंले देशको भ्रमण गर्ने निमन्त्रणा देऊ ।

**आप्रवासीहरूका आफ्नो देशका सरकारहरूलाई( इन्डोनेसिया, श्रीलङ्का, फिलिपिन्स र नेपालसहित)**

- स्थानीय दलाल र सह-एजेन्टहरूले बढी शुल्क लिने वा ठग्ने कार्यमा कमी ल्याउन शुल्क र भर्ती प्रकृयाका स्पष्ट परिभाषित मापदण्डहरू तयार गर र नियम उल्लङ्घन गर्ने सह-एजेन्टहरूलाई ठोस सजाय हुने कुरा सुनिश्चित गर ।
- श्रम निकायहरू तथा थमौती भएका सह-एजेन्टहरूको नियमित तथा स्वतन्त्र अनुगमन गर्ने संयन्त्र बनाऊ । बिना सूचना भर्ती गर्ने निकायहरूको निरीक्षण गर ।
- एउटा अनुगमन प्रणाली स्थापना गर जसद्वारा घरेलु कामदारहरूले विदेशिनु अगाडि नै भर्ती गर्ने निकायलाई कति शुल्क बुझाएँ भनी सरकारलाई जानकारी दिन सकुन् ।
- रोजगारी प्रदान गर्ने देशका श्रम निकायहरूमा काम गर्ने नागरिकहरूविरुद्ध परेका उजुरीहरू कडाइकासाथ संकलन गर र ति माथी अनुसन्धान गर । घरेलु कामदारहरूले आफूले काम गरिरहेको देशमा रहेको आफ्नो दुतावासमा  र घर फर्केपछि पनि यो सूचना दर्ता गर्नसक्ने प्रकृया निर्माण गर ।

**साउदी अरेबियामा रहेका दुतावास र कुटनीतिक नियोगमा घरेलु कामदारलाई प्रदान गरिने सेवाहरूमा सुधार गर ।**

- कालो सूचीमा परेका रोजगारदाता र भर्ती गर्ने निकायहरू बारे दुतावासहरू र साउदी सरकार बिच सूचना आदान प्रदान गर ।
- सहयोग माग्ने आप्रवासी घरेलु कामदारहरूलाई सहायता गर्न तालिम प्राप्त कर्मचारीहरूको सङ्ख्यामा वृद्धि गर, विशेष गरी तलब प्राप्त गर्ने, दुर्व्यवहार र थुनामा रहँदा मानव अधिकार हननका आरोपहरू बारे अनुसन्धान र कार्वाही गर्न ।
- साउदी अरेबियामा खटाइएका सबै कर्मचारीहरूलाई घरेलु कामदारहरूका अधिकार बारे र उनीहरूलाई कसरी सहयोग गर्ने भन्ने विषयमा अनिवार्य तालिम प्रदान गर । राजदुतहरूले आप्रवासी घरेलु कामदारहरू कुटनीतिक सहयोग पाउनै पर्ने नागरिकहरू हुन् भनी स्पष्ट सङ्केत दिनुपर्छ , उनीहरूको योगदान बारे प्रचार प्रसार गर्नुपर्छ र घरेलु कामदारहरूका निम्ति विविध गतिविधिहरू आयोजना गर्नुपर्छ ।
- कर्मचारीहरूलाई तालिम दिएर, हिंसाको धक्का(trauma) परामर्श र स्वास्थ्य सेवा प्रदान गरेर र आश्रयमा रहेको भिडलाई कम गरेर आश्रय र सुरक्षित आवासहरूको अवस्थाहरूमा सुधार गर ।

- कुटनीतिक नियोगमा सहयोगको लागि पहिले नै सम्पर्क राखिसकेका घरेलु कामदारहरूको कल्याणको नियमित निरीक्षणको व्यवस्था मिलाऊ ।
- रोजगारदाताहरूलाई कामदारहरूलाई हप्ताको एक दिन विदा दिन प्रोत्साहित गर्न साप्ताहिक सीप मूलक तालिम वा अरबी भाषाका कक्षा जस्ता सेवाहरू प्रदान गर ।
- दुर्व्यवहार हुने गरेको कार्यथलोबाट भागेका घरेलु कामदारहरूका निम्ति २४ घण्टै सहायता हटलाईन र/वा कर्मचारीको व्यवस्था गर ।

**घरेलु कामदारहरूलाई विदेशिनु पूर्व दिईने तालिम कार्यक्रमहरूलाई समृद्ध बनाऊ ।**

- तालिमको अधिकार सचेतना र विदेशी भाषा तालिम जस्ता पक्षलाई बढाऊ ।
- आफूले रोजगारी पाएकै देशमा रहँदा वा आफ्नो देश फर्किएपछि पनि रोजगारदाता र श्रम एजेण्टविरुद्ध कसरी मुद्दा चलाउन सकिन्छ भन्ने जस्ता सम्बोधनका उपायहरू बारे घरेलु कामदारहरूलाई विस्तृत जानकारी देऊ ।
- काममा भर्ती हुँदा लाग्ने शुल्क र कानुन तोड्ने भर्ती गर्ने एजेण्टविरुद्ध उजुरी दर्ता गर्ने प्रकृयाका कानुनी सिमा बारे सूचना प्रदान गर ।
- देश छोड्ने बेलामा प्रत्येक घरेलु कामदारलाई उनीहरूका रोजगारदाताको नाम, ठेगाना र टेलिफोन नम्बर; आफ्नो देशको दुतावासको ठेगाना र फोन नम्बर; रोजगारी पाउको देशमा रहेका आफ्ना श्रम एजेण्टको फोन नम्बर; एउटा मोवाईल फोन वा दुतावासको फोन नम्बर पहिले नै प्रोग्राम गरिएको टेलिफोन कार्ड; स्थानीय मुद्रामा केही रकम; उनीहरूको पासपोर्टको प्रतिलिपि र अरबी र कामदारले बुझ्ने भाषा(मातृ भाषा) मा लेखिएको उनीहरूको रोजगारी करार-पत्रको प्रतिलिपि समावेश गरिएको सूचना किट(पुलिन्दा) उपलब्ध हुने कुरा सुनिश्चित गर ।

**सम्भावित आप्रवासी घरेलु कारदारहरू बिच सार्वजनिक सचेतना कार्यक्रमहरू विस्तार गर ।**

- सम्भावित आप्रवासी घरेलु कारदारहरू बस्ने गाउँहरू वा स्थानीय ठाउँहरूमा साउदी अरेबियामा काम गर्न जाँदा लाग्ने भर्ती शुल्क र रोजगारी करारका कानुनी सिमाहरू बारे सूचना दिन कार्यक्रमहरूलाई केन्द्रित गर ।
- सम्भावित आप्रवासी घरेलु कारदारहरूले विदेशिने र त्यसका लागि श्रम एजेण्ट छनोट गर्ने निर्णय गर्न अगाडि नै यी सूचनाहरू उनीहरूसम्म पुऱ्याउन आप्रवासी अधिकार समुहहरूसँग सहकार्य गर ।
- महिलाहरूका निम्ति शिक्षा र रोजगारमा अवसरहरू बढाऊ जसले गर्दा उनीहरू बाध्यताले नभई आफ्नो इच्छाले विदेशमा काम गर्न जान सकुन् ।

**सबै सरकारहरूका निम्ति**

- एक आपसमा मान्य हुने र कार्यान्वयन गर्न सकिने अरबी र घरेलु कामदारले बुझ्ने भाषामा रोजगार करारनामा तयार गर्न सहकार्य गर ।
- स्वदेश फर्किएपछि पनि कामदारहरूले उजुरी गर्न पाउने व्यवस्था मिलाउन सहकार्य गर ।
- काम गर्ने ठाउँमा बन्दी बनाइएका र त्यहाँबाट उम्कन नसक्ने घरेलु कामदारलाई मुक्त गर्ने व्यवस्थाको विकास गर । आवश्यकता अनुसार स्थानीय प्रशासन, कुटनीतिक नियोग र गै. स. स. हरूसँग सहकार्य गर । उदाहरणका लागि सबै घरेलु कामदारहरूलाई मोबाइल फोन उपलब्ध गराउने, बहुभाषी हटलाईन(टेक्स्ट् मेसेज हटलाईनसहित) प्रबर्द्धन गर्ने र सम्बोधनका लागि समय सिमीत बडापत्र लागू गर्न् ।

- नीतिहरू निर्माण गर्न र कार्यान्वयन गर्न घरेलु कामदार तथा नागरिक समाजहरूको परामर्श लेऊ ।

**अन्तरराष्ट्रिय श्रम सङ्गठन(आई एल ओ) र अन्तरराष्ट्रिय आप्रवास सङ्गठन(आई ओ एम) का निम्ति**

- आई एल ओ ले अन्तरराष्ट्रिय श्रमिक सम्मेल २०१० मा घरेलु कामदारहरूलाई मापदण्ड निर्धारक मुद्दाका रूपमा परिक्षण गर्दा घरेलु कामदार सम्बन्धी सन्धि गर्नुपर्छ । आई एल ओ ले यी प्रावधानहरू राष्ट्रिय कानुनहरूमा समाविष्ट गर्ने मार्गदर्शन निर्माण गर्नुपर्छ, घरेलु कामदारको करारनामाको नमुना तयार गर्नुपर्छ र अनुगमन र कार्यान्वयनका साधन तयार गर्नुपर्छ ।
- आप्रवासी घरेलु कामदारहरूलाई अन्तरराष्ट्रिय श्रमिक मापदण्ड र साउदी अरेबियाको कानुन अन्तर्गत उनीहरूका अधिकारहरूका सन्दर्भमा श्रमिक अधिकार शिक्षा प्रदान गर्ने प्राविधिक कार्यक्रम विस्तार गर्न स्थानीय समूहहरूसँग काम गर ।
- अन्तरराष्ट्रिय श्रमिक मापदण्डसँग सामञ्जष्य राख्ने गरी श्रमिक विधान, भर्तीका मापदण्ड र कार्यान्वयनलाई सबल तुल्याउने विशिष्ट भाषा र प्राविधिक सहयोग प्रदान गर्न सरकारहरूसँग मिलेर काम गर ।
- क्षेत्रीय सहयोग स्थापना गर्न र कोलोम्बो प्रकृया, अस्थायी करार श्रमिकहरू सम्बन्धी खाडी मञ्च र आप्रवास तथा विकास सम्बन्धी विश्व मञ्च मार्फत छोटो अवधिको श्रमिक आप्रवासको न्यूनतम क्षेत्रीय मापदण्ड तयार गर्न सरकारहरूसँग मिलेर काम गर ।
- घरेलु कामदार समलग्न आउट रिच(outreach) र परिचालन गर्न श्रमिक सङ्गठनहरूसँग मिलेर काम गर ।

**विश्व बैङ्क तथा नीजि फाउण्डेसनहरू जस्ता दाताहरूका निम्ति**

- आप्रवासी घरेलु कामदारहरूका निम्ति स्थानीय गै. स. स. र अन्य नागरिक समाजको जन वकालत(advocacy) र सेवाहरूलाई थप आर्थिक र संस्थागत सहयोग प्रदान गर । सहयोग भित्र अस्थायी करार श्रमिकहरू सम्बन्धी खाडी मञ्च जस्ता क्षेत्रीय प्रकृयामा सहभागीताका निम्ति सहयोग र नागरिक समाज समूहहरू, कामदार पठाउने देशहरू र कामदार राख्ने देशहरू बिच सञ्जाल(networking) बढाउनु पर्छन् ।
- कुटनीतिक नियोगहरूमा घरेलु कामदारहरूका लागि सामाजिक कार्यकर्ता र तालिम प्राप्त कर्मचारीहरू जस्ता आश्रय सुविधाका निम्ति स्रोतहरूमा वृद्धि गर ।
- विदेश जान चाहने महिलाहरूका निम्ति आप्रवास खर्च व्यवस्था गर्न सुगम ब्याज दर उपलब्ध गराउन लघु ऋण कार्यक्रमहरूमा लगानी गर ।
- आफ्नो देशमा दिगो आय आर्जन क्रियाकलाप विकास गर्ने आयोजना जसता महिलाहरूका निम्ति दिर्घकालिन घरेलु रोजगार रणनीतिहरूमा लगानी गर ।